# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असोज ९ गते, २०८२ साल (संख्या ३२


## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ को उपदफा (१) बमोजिम पेश गर्नुपर्ने संवत् २०८२ साउन महिनाको कर विवरण, अन्तःशुल्क ऐन, २०५८ को दफा १०क. बमोजिम पेश गर्नुपर्ने संवत् २०८२ साउन महिनाको अन्तःशुल्कको विवरण, आर्थिक ऐन, २०८२ को दफा ६ को उपदफा (२) बमोजिमको शिक्षा सेवा शुल्कको विवरण तथा दफा १७ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपदफा (१) बमोजिमको वस्तु तथा सेवामा अनुसूची-४ बमोजिम दाखिल गर्नुपर्ने विलासिता शुल्क दाखिल गरी सोको विवरण संवत् २०८२ साल असोज २५ गतेसम्म पेश गर्न सक्ने गरी म्याद थप गर्ने।

(ख) प्रकरण नं. (क) बमोजिम थप गरिएको अवधिभित्र विवरण तथा विवरण बमोजिमको कर दाखिला गरेमा सम्बन्धित ऐन बमोजिम लाग्ने विलम्ब शुल्क, शुल्क, व्याज, थप दस्तुर वा जरिवाना नलाग्ने।

**आज्ञाले,**
**घनश्याम उपाध्याय**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।